तुलसीपुर उपमहानगरपालिका
तुलसीपुर, दाङ
५ नं.प्रदेश, नेपाल

# होमस्टे ब्यवस्थापन तथा संचालन कार्यविधि, २०७६

स्वीकृत मिति : २०७६। ९ ।२

**प्रस्तावना:**

ग्रामिण पर्यटन पूर्वाधारको दिगो विकास, स्थानीय कला, संस्कृतिको विकास, स्थानीय श्रोत, साधन, सिप एवं उत्पादनको प्रबर्द्धन, ग्रामीण पर्यटन तथा पर्यटन उद्यमशीलताको माध्यमबाट समुदायका सिमान्तकृत एवं विपन्न जनताहरुलाई होम स्टे कार्यक्रममा समेटी तुलसीपुर उपमहानगरपालिका क्षेत्रका स्थानीय जनसमुदायमा स्वरोजगारका अवसरहरु सिर्जना गरी सामाजिक, आर्थिक विकास गर्नको लागि पर्यटन नीति २०६५ तथा तुलसीपुर उपमहानगरपालिकाको आर्थिक विकास नीति कार्यान्वयन गर्न उपमहानगरपालिका क्षेत्रको संभावित क्षेत्रहरुमा होमस्टेहरुको स्थापना, विकास, पबर्द्धन, व्यवस्थापन र नियमन गर्न आवश्यक भएकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा २ ले दिएको अधिकार अर्न्तगत तुलसीपुर उपमहानगरपालिकाबाट हामेस्टे ब्यवस्थापन तथा संचालन कार्यविधि, २०७६ जारी गरी लागु गरिएकोछ ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ:**
यस कार्यविधिको नाम "होमस्टे ब्यवस्थापन तथा संचालन कार्यविधि २०७६" रहेकोछ ।

२. यो कार्यविधि तुलसीपुर उपमहानगरपालिकाले स्वीकृत गरेको मिति बाट प्रारम्भ भई कार्यान्वयन हुनेछ ।

३. **परिभाषा:**
विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "होमस्टे" भन्नाले पर्यटकलाई आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्धेश्यले आफनै घर समुदायमा निजी वा सामूहिक रुपमा सञ्चालन गरिएका सेवा सम्झनुपर्छ ।

(ख) "स्थानीय निकाय" भन्नाले होमस्टे ब्यवस्थापन तथा संचालन हुने स्थानको स्थानिय निकाय तुलसीपुर उपमहानगरपालिकालाई सम्झनुपर्छ ।

(ग) "नगर प्रमुख" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) "नगर उप प्रमुख" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको नगर उप प्रमुखलाई बुझाउँछ ।

(ङ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले तुलसीपुर उपमानगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई बुझाउदछ ।

(च) "कार्यालय" भन्नाले तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनुपर्दछ ।

(छ) "शाखा" भन्नाले तुलसीपुर उपमहनगरपालिका नगरकार्यपालिकाको पर्यटन तथा संस्कृति संरक्षण महाशाखा सम्झनु पर्छ ।

(ज) "होमस्टे व्यवस्थापन समिति" भन्नाले होमस्टे संचालन गरिने स्थानको व्यवस्थापन गर्न गठन भएको समिति सम्झनु पर्छ ।



घनश्याम पाण्डे
प्रमुख

(झ) "होमस्टे इकाई" भन्नाले होमस्टे व्यवस्थापन तथा संचालन गर्न बनेको व्यवस्थापन समिति अर्न्तगत रहेका प्रत्येक घर सम्झनु पर्छ ।

## परिच्छेद २
## उद्देश्य, वर्गिकरण

३. **उद्देश्यः**

होमस्टे व्यवस्थापन तथा संचालनका मुख्य उद्धेश्य देहाय बमोजिम हुनेछन्:

(क) होमस्टे व्यवस्थापन तथा संचालन गरी पर्यटन क्षेत्रको प्रतिफल ग्रामीण समुदायमा पुरयाउने ।

(ख) होमस्टेहरु संचालनमा ल्याई ग्रामिण क्षेत्रका जनतालाई पर्यटन सेवामा सहभागि गराउने ।

(ग) होमस्टेहरु संचालनमा ल्याई ग्रामीण समुदायको आयश्रोत बृद्धि गरी जीवनस्तर वृद्धि गर्ने ।

(घ) होमस्टेहरु संचालन गरी ग्रामिण तथा स्थानीय स्तरमा स्वरोजगार सिर्जना गर्ने ।

(ङ) होमस्टेहरु संचालन गरी पर्यटकलाई ग्रामीण जनजीवन साथै संस्कृतिका वारेमा जानकारी दिई कला, संस्कृतिको जगेर्ना गर्ने ।

(च) होमस्टेमा आवास सुविधा मात्र नभै पर्यटकहरुलाई रितिरिवाज, कला संस्कृति र रहनसहनको उत्कृष्ट अनुभव हासिल गर्ने मौका प्रदान गर्ने ।

(छ) शहरी इलाकामा पर्यटकलाई सरल र सहज वातावरणमा बसोबासको व्यवस्था गर्ने ।

४. **होमस्टेको वर्गिकरणः**

अनुसूचि- १ मा उल्लिखित मापदण्ड पूरा गरी अलग, अलग स्वामित्व भएका कम्तीमा पांच वटा घरधनीले सामुहिक व्यवस्थापन गरी संचालन गरेको होमस्टेलााई सामुदायिक ग्रामीण होमस्टे ग्रामिण तथा शहरी क्षेत्रमा निजी स्तरमा सञ्चालित होमस्टेलाई निजी होमस्टेको रुपमा वर्गीकरण गरिएको छ ।

५. **पर्यटकीय क्रियाकलापः**

(१) होमस्टेले स्थानीय क्षेत्रमा सञ्चालन हुने सांस्कृतिक कार्यक्रम र क्रियाकलाप, परम्परागत खेलमा सहभागी गराउने । उपलब्ध हुने क्षेत्रमा जंगल ट्रेक, इको ट्रेक तथा दृश्यावलोकनको कार्यक्रमको व्यवस्था गर्नु पर्नेछ ।

(२) दफा (१) मा लेखिए देखि बाहेक होमस्टेले देहाय बमोजिमको कार्यक्रमको आयोजना गर्नु पर्नेछः-

(क) स्थानीय समुदायको सांस्कृतिक नाचगान तथा फुलमालाका साथ पर्यटकको स्वागत गर्ने ।

(ख) पर्यटकहरुलाई सामुदायिक भवन वा खुला ठाउमा मौलिक परम्परा वा सांस्कृतिमा आधारित सांस्कृति कार्यक्रमहरुको प्रस्तुती मेला, जात्रा जस्ता गतिविधीहरु आयोजना गरी सहभागी गराउने ।

(ग) सांस्कृतिक सम्पदा, संग्रहालय, घरेलु तथा हस्तकला सामाग्री उत्पादन केन्द्र स्थल, दृश्यावलोकन, जंगल, वन्यजन्तु तथा चरा अवलोकन गर्ने व्यवस्था गर्ने ।

(घ) स्थानीय कृषि, घरेलु तथा हस्तकला प्रविधिमा सहभागी गराई पर्यटक तथा स्थानीय जनता वीच जीवनशैली, कला संस्कृति आदि विषयमा अनुभव तथा ज्ञानको आदान प्रदान गराउने ।



घनश्याम पाण्डे
प्रमुख

(ङ) पर्यटकको विदाई गर्दा स्थानीय संस्कृति झल्कने मायाको चिनो सहित फुलमाला पहिराउने ।

६. **दर्ताका लागि निवेदन दिने:**

(१) हामेस्टे व्यवस्थापन तथा संचालन गर्न चाहनेले देहाय बमोजिमका कागजात सहित अनुसूचि- २ बमोजिमको ढाचामा रु.१०।- को टिकट टांसी महाशाखा वा कायार्लयमा निवेदन दिनु पर्नेछ,-

(क) सामुदायिक होमस्टेको हकमा कम्तीमा ५ (पांच) जना घरधनीले आ-आफ्नो घरमा सामूहिक रुपमा होमस्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिवद्धता तथा निजी होमस्टेका लागि तुलसीपुर उपमहानगरपालिका अर्न्तगत सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ख) जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपी तथा उपमहानगरपालिकावाट नक्सा पास भएको प्रमाण,

(ग) होमस्टे संचालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

(३) उपदफा (१) बमोजिमको निवेदन परेमा पर्यटन तथा संस्कृति संरक्षण शाखा वा होमस्टे अनुगमन समिति संयोजकत्वमा र स्थानीय समाजसेवी समेत ले निरीक्षण गरी अनुसूची-१ बमोजिमको मापदण्ड पूरा भए, नभएको निरीक्षण गरी शाखा वा तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा प्रतिवेदन दिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको निरीक्षणबाट अनुसूची-१ बमोजिमको मापदण्ड पूरा भएको प्रतिवेदन प्राप्त भएमा शाखा वा सम्बन्धित कार्यालयले प्रत्येक होमस्टेलाई एकाइको रुपमा दर्ता गरी अनुसचुी-३ बमोजिमको ढांचामा होमस्टे दर्ता प्रमाणपत्र दिनेछ ।

(५) मापदण्ड पूरा नगरेकाको हकमा आवश्यक सुधार गर्न समय दिइनछे र पुन: स्थलगत निरीक्षण गरिनेछ ।

७. होमस्टे व्यवस्थापन तथा ब्यवस्थापन तथा संचालन:

(१) सामुदायिक होमस्टे सञ्चालन गर्न चाहने संचालकहरुले साधारण भेला गरी देहाय बमोजिमको होमस्टे सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्नुपर्नेछ,–

| | |
|---|---|
| समुदायका सदस्यहरुबाट एक जना | अध्यक्ष |
| समुदायका सदस्यहरुबाट एक जना | उपाध्यक्ष |
| समुदायका सदस्यहरुबाट एक जना | कोषाध्यक्ष |
| समुदायका सदस्यहरुबाट एक जना | महिला सदस्य |
| समुदायका सदस्यहरुबाट एक जना | सदस्य-सचिव |

(२) होमस्टेमा सहभागी हुने घर संख्याको आधारमा समावेशी हुने गरी समुदायले थप ६ जनासम्म सदस्यको चयन गर्न सक्नेछ ।

(३) होमस्टे व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,–

- पर्यटकीय क्रियाकलापहरु र पर्यटकहरुले पालना गर्नुपर्ने आचारसंहिताको बारेमा जानकारी गराउने ।
- आगन्तु पर्यटकहरुको स्वागत तथा पाहुनाहरुको आवास व्यवस्था मिलाउने ।
- पर्यटकको दर्ता व्यवस्था गर्ने ।

आयव्ययको श्रेस्ता व्यवस्थित र दुरुस्त राख्ने ।



घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
तुलसीपुर, दाङ
५ नं.प्रदेश, नेपाल

- प्रत्येक होमस्टेको नियमित अनुगमन गर्ने ।
- स्थानीय भ्रमण प्याकेजहरुको निर्माण र प्रचार प्रसार गर्ने ।
- स्थानिय वातावरण, परम्परा, शैली तथा सस्कृतिको संरक्षण गर्ने ।
- सांस्कृतिक कार्यक्रमहरुको प्रदर्शन,व्यवस्थापन गर्ने ।
- पर्यटकहरुको स्वास्थ्योपचार र अन्य आकस्मिक सेवाहरुको व्यवस्थापन र समन्वय गर्ने।
- होमस्टेको साइनेज तथा लोकेसन म्याप तयार गर्ने ।
- पर्यटक आवास गृहमा उपलब्ध हुने सुविधा तथा मेनु,मुल्य निर्धारणमा एकरुपता कायम गर्ने। प्रत्येक आर्थिक बर्ष समाप्त भएको पैतीस दिन भित्र पर्यटक संख्या, प्रमुख क्रियाकलाप आय तथा व्यय देखिने वार्षिक प्रतिवेदन तुलसीपुर उपमहा नगरपालिका नगरकार्यपालिकाको कार्यलयमा वा संवन्धीत शाखामा पठाउने ।
- होमस्टेको विकास, पवर्द्धन तथा व्यवस्थापनका लागि अन्य आवश्यक कार्यहरु गर्ने ।
- नगर स्थीत होमस्टे संग संम्नन्धीत शाखा,अनुगमन समिति
- प्रदेश नं ५ मा रहेको पर्यटन मंत्रालय संग नियमित सम्पर्क र सञ्चार गर्ने ।
- अनुसूची-४ बमोजिमको सूचना पर्यटकहरुले देख्न स्थानमा राख्नु पर्ने ।
- होमस्टे विकास प्रवर्द्धन तथा व्यवस्थापनका लागि अन्य आवश्यक कार्यहरु गर्ने ।

**८. होमस्टे अनुगमन समितिः**

(१) होमस्टेहरुको व्यवस्थित देहाय बमोजिमको अनुगमनसमिति गठन हुने छ ।

| | |
|---|---|
| तुलसीपुर उपशमहानगरपालिका अर्न्तगतका तुलसीपुर नगरक्षेत्रका पर्यटकिय स्थलहरु हेर्नको लागि पालिका बैठक वाट छनोट भएको सदस्य | संयोजक |
| पूर्वाधार विकास, तथा योजना शाखा प्रमुख | सदस्य |
| स्वास्थ्य महाशाखा प्रमुख | सदस्य |
| ईलाकप्रहरी कार्यालयको प्रतिनिधि | सदस्य |
| होमस्टे एशोसियसनको प्रतिनिधी | सदस्य |
| पर्यटन तथा संस्कृति संरक्षण शाखा प्रमुख | सदस्य सचिव |

(२) होमस्टे समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

- नगर स्थित होमस्टे व्यवस्थापन समितिहरु वीच समन्वय र सहजीकरण गर्ने,
- पूर्वाधार विकास र क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने ।
- पर्यटकलाई स्वास्थ्य सम्बन्धी जनचेतना जगाउने ।
- आकस्मिक स्वास्थ्य सम्बन्धी सहयोग र समन्वय गर्ने ।
- सम्भाव्य पर्यटकीय सम्पदाहरुको विवरण तयार गर्ने ।
- बाटो, पदयात्रामार्ग, भ्यूटावर, खानेपानी, स्वास्थ्य चौकी जस्ता साना पूर्वाधारहरु बनाउने वा वनाउन सम्बन्धित वडाहरुलाई सहयोग गर्ने ।
- होमस्टे ब्यवस्थापन तथा संचालन भएका स्थानहरुमा शान्ति सुरक्षको व्यवस्था मिलाउने ।

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
तुलसीपुर, दाङ
५ नं.प्रदेश, नेपाल

९.अनुगमन तथा निरिक्षण सम्बन्धी व्यवस्था:

(१) कार्यालय वा शाखाले आवश्यकतानुसार समय समयमा होमस्टे व्यवस्थापन समितिका कार्यहरु तथा प्रत्येक होमस्टेको इकाईको अनगुमन तथा निरिक्षण गर्नु पर्नेछ ।
(२) उपदफा (१) बमोजिमको निरिक्षणका क्रममा तोकिएको मापदण्ड पूरा नगर्ने होमस्टेलाई मनासिव माफिकको म्याद दिई मापदण्ड पूरा गर्न लगाउनु पर्नेछ ।
(३) उपदफा (२) बमोजिमको म्यादभित्र पनि मापदण्ड कायम गर्न नसकेका होमस्टेलाई कार्यालयले वा शाखाले निलम्वन वा खारेज गर्न सक्नेछ ।

१०. नवीकरण:
(१) प्रत्येक होमस्टे देहाय बमोजिमको कागजात संलग्न गरी प्रत्यके पांच बर्षमा होमस्टे नबीकरणको लागि शाखा वा कार्यालयमा रु. ५।- को टिकट टांसी निवदेन दिनु पर्नेछ । विगत पाँचवर्षको आय व्यय र होमस्टेले प्रदान गरेको र पर्यटकहरुको लगत तथा विवरण । सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन समितिको प्रतिवेदन ।
(२) उपदफा (१) बमोजिम नवीकरणको लागि निवेदन पर्न आएमा महाशाखा वा कार्यालयले सम्बद्ध होमस्टेको निरिक्षण गरी मापदण्ड पूरा भएकाकोहकमा होमस्टको नवीकरण गर्नेछ र पूरा नभएका होमस्टेको नविकरण हुनेछैन ।

११. प्रचार प्रसार तथा बजारीकरण: होमस्टेको होर्डिङ बोर्ड, साइनबोर्ड, ब्रोसियर, पोष्टर, सिडी जस्ता प्रचार प्रसारका सामग्रीहरुको उत्पादन, वेभसाइट, पत्रपत्रिका, रेडियो, टेलिभिजन, उत्सव, मेला, महोत्सव, गैरआवासीय नेपालीसँगको सहकार्य, टुर अपरेटर तथा पत्रकारहरुलाई परिचयात्मक भ्रमण, भ्रमण प्याकेजको निर्माण तथा विक्री प्रवर्द्धन जस्ता काम कारवाई र कृयाकलाप तुलसीपुर उपमहानगरपालिकाले गर्नेछ । स्थानीय स्तरका पत्रपत्रिका संग सहकार्य गरी होमस्टेको प्रचार प्रसार तथा बजारीकरण गर्नेछ ।

१२. होमस्टे एसोशिएसन: होमस्टे सम्बन्धी नीति निर्माण, व्यवस्थापन, प्रवर्द्धन तथा होमस्ट ब्यवस्थापन तथा संचालन मापदण्डमा एकरुपता तथा अनुगमन कार्यमा तुलसीपुर उपमहानगरपालिका लाई सहयोग पुरयाउन होमस्टे संचालकहरुको होमस्टे एसोशिएसनले कार्य गर्नेछ ।

१३. विविध:
(१) प्रशिद्ध धार्मिक तिर्थस्थलमा दर्शनकोलागि आउने दर्शनार्थी तथा तिर्थालुहरुको वसोवास र खानपीनको वन्दोवस्त मिलाउन होमस्टे ब्यवस्थापन तथा संचालनको लागि स्थानीय समूदाय समेतको सहभागीमा अनुरोध भएमा यस कार्यविधिको अन्य व्यवस्थाहरुको अधिनमा रही सञ्चालन अनुमती दिन सकिनेछ
(२) होमस्टेमा ट्राभल एजेन्सी मार्फत आउने पर्यटकको वीमा गराउने जिम्मेवारी सम्बन्धित ट्राभल एजेन्सीको हुनेछ । व्यक्तिगत रुपमा आउने पर्यटकको हकमा विमा गर्ने जिम्मेवारी सम्बन्धित पर्यटकको नै हुनेछ ।
(३) होमस्टे ब्यवस्थापन तथा संचालन गर्ने संचालकले प्रचलित नेपाल कानून बमोजिम नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिएर मात्र विदेशी मुद्राको कारोबार गर्नु पर्नेछ ।



घनश्याम पाण्डे
प्रमुख

(४) होमस्टे व्यवस्थापन तथा संचालन सम्बन्धी आधारभूत तालिम नेपाल पर्यटन तथा हाटेल व्यवस्थापन प्रशिक्षण प्रतिष्ठान लगायत अन्य स्वीकृत प्राप्त तालिम केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ ।

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
तुलसीपुर, दाङ
५ नं.प्रदेश, नेपाल

<u>अनुसूची १ (दफा ४ संग सम्बन्धित)</u>

**होमस्टे व्यवस्थापन तथा संचालनका आधारभूत मापदण्ड :**

**१. होमस्टका लागि घर, कोठा र शैयाः**

- प्रत्येक सामुदायिक होमस्टका लागि भिन्न भिन्न स्वामित्व भएका कम्तीमा ५ वटा घर ( होमस्टेयूनिट) हुनु पर्नेछ । एक आपसमा सहज पहुचका लागि बाटोको प्रबन्ध भएको, घरहरु मौलिक संस्कृती झल्कने र हावा हुरी, जंगली जनावर आदीबाट सरुक्षित हुनु पर्ने, खुला, हिलो तथा धुलोरहित सफासुग्घर हुनुपर्नेछ ।
- होमस्टमा पाहुनाका लागि कम्तीमा एउटा अलग्गै कोठा हुनुपर्नेछ ।
- होमस्टे ब्यवस्थापन तथा संचालन गर्ने एक घरमा बढीमा २ कोठा पर्यटकका लागि छुट्याउन सकिनेछ ।
- एउटा कोठमा बढीमा २ वटामात्र ओछ्यान रहनुपर्ने छ । ओछ्यान कम्तीमा ६.५ फिट लम्बाई र ३ फिट चौडाईको हुनुपर्नेछ ।
- भुईमा कार्पेट वा राडी वा सफा गुन्द्री आछ्येयाएको हुनुपर्नेछ ।
- ढोकामा खुट्टा पुछ्ने बोरा वा डोरम्याट भएको हुनुपर्नेछ ।
- नरम खालको सेतो तन्ना भएको र सेतै खोल भएका ओढ्नेको व्यवस्था हुनुपर्नेछ ।
- भित्तामा वा ढोकाको पछाडीपट्टि लुगा झुण्ड्याउने व्यवस्था भएको हुनुपर्नेछ ।
- कोठामा विजुली बत्ती वा लाल्टिन बाल्ने व्यवस्था हुनुपर्नेछ ।
- सुत्ने कोठामा धुवा आउन नहुने ।
- सुत्ने कोठामा राम्रा राम्रा दृश्य र स्थानीय संस्कृति झल्कने तस्विरहरु भएमा राम्रो हुने ।
- फोहोर फाल्ने एउटा टोकरी (डस्टवीन) को व्यवस्था हनुपर्नेछ ।
- सम्भव भएसम्म प्रत्येक पाहुनाका लागि १ जोर चप्पल (स्लीपर) को व्यवस्था हुनुपर्नेछ ।
- सम्भव भएसम्म भित्तामा एउटा अर्धकद (आधा शरिर) देखिने ठूलो ऐना झुण्डाएको हुनुपर्नेछ ।
- संम्भव भएसम्म सुत्ने कोठामा चिया टवेल राख्नु राम्रो हुने ।
- संम्भव भएसम्म सुत्ने कोठामा २ वटा कुर्सी राख्नु राम्रो हुने ।

**२. शौचालय र स्नानकक्ष :**

- सुविधायुक्त र सफा शौचालय हनु पर्ने ।
- होमस्टे ब्यवस्थापन तथा संचालन गर्ने घर वा समुदायमा नुहाउने प्रवन्ध (छुट्टै बाथरुम वा कम्तीमा छेकिएर नुहाउन सकिने सुविधायुक्त ठाउं) हुनु पर्ने छ ।
- स्नानकक्षमा पानीको बाल्टी, मग, सावुन, रुमाल आदि आधारभतू वस्तुहरु हुनु पर्ने ।

**३. भान्छा कोठा र खाना खाने व्यवस्था**

- पाहुना राख्ने घर वा कोठा नजिक गाई भैंसी अथवा भेडाबाख्रा, सङगुर र, कुखुरा आदि वाध्न वा पाल्न नहुने ।
- धेरै धुवा नहुने भान्सा (उन्नत वा सुधारिएको चुलो भएको) ।
- खानेपानी फिल्टर गरेर वा उमालरे मात्र दिने ।
- स्थानीय खानाका परिकारहरुलाई स्वास्थ्कर ढंगले पकाउने र खुवाउने प्रवन्ध हुनुपर्ने ।
- पाउनाहरुलाई राम्रोसंग पलेटी कसेर वसेर खान मिल्ने ठाउं हनुपर्ने वा सानो डाइनिङ टेवलको पनि प्रवन्ध भए राम्रो हुने ।



घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
तुलसीपुर, दाङ
५ नं.प्रदेश, नेपाल

- खानपीन विवरण तथा मूल्य निर्धारण गरिएको हुनुपर्ने (मेनु भएको)।

४. **<u>स्वास्थ्य, सरसफाई तथा सुरक्षा :</u>**

- मुसा, लामखुट्टे, उडुस, उपिया आदिबाट सुरक्षित हुनु पर्ने, दुर्गन्ध वा गाई भैसीको गोठबाट टाढा हुनु पर्ने, सामुदायिक रुपमा प्राथमिक उपचारको व्यवस्था हुनु पर्ने, खुला नाली र ढल नहुने ।
- वातावरण मैत्री पर्यटन कृयाकलाप, पर्यटकीय सम्पदाहरुको संरक्षण, सार्वजनिक शौचालयको व्यवस्था, बृक्षरोपण आदिको व्यवस्था भएको ।

५. यो कार्यविधि कुनै पनि कानून संग वाभिन गएमा बाभिएको वुधाहरु फेर बदल गर्न सकिने छ ।

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
तुलसीपुर, दाङ
५ नं.प्रदेश, नेपाल

## अनुसुची २ (दफा ६(१) संग सम्बन्धित

## होमस्टे दर्ताका लागि दिइने निवेदन

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू
तुलसीपुर उपमहनगरपालिका नगरकार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ ।

हामीहरुले जिल्ला ................. तुलसीपुर उपमहानगरपालिका .................. वडा नं. ...... टोल, गाउं ................... मा व्यवस्थापन तथा संचालन गर्न लागेको ............................

होमस्टेलाई होमस्टे ब्यवस्थापन तथा संचालन कार्यविधि, २०७६ बमोजिम सामुदायिक/निजी होमस्टेको रुपमा दर्ता गरी पाउन निवेदन पेश गर्दछु /गर्दछौ । होमस्टे ब्यवस्थापन तथा संचालन कार्यविधि निर्देशिका, २०७६ को अधिनमा रही आफ्नो होमस्टे ब्यवस्थापन तथा संचालन गर्नेछौं ।

**संलग्न कागजात:**

१. होमस्टे ब्यवस्थापन तथा संचालन गर्ने निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपिहरु
२. होमस्टे ब्यवस्थापन तथा संचालन गर्ने प्रत्येक घरधनीको जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि
३. प्रत्येक घरधनीले होमस्टे ब्यवस्थापन तथा संचालन गर्न मञ्जुर गरेको कागजात सहित होमस्टे व्यवस्थापन समितिको निर्णयको प्रतिलिपी
४. व्यवस्थापन समिति गठन तथा दर्ता गर्ने सम्बन्धी स्थानीय भेलाको निर्णय
५. निजी होमस्टेको हकमा सम्बन्धित स्थानिय निकायको सिफारिस
६. आधारभूत प्रशिक्षण लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपि

## होमस्टे यूनिटहरु (दर्ता हुने व्यक्तिहरुको विवरण)

| क्र.सं. | संचालकको नाम थर | ठेगाना |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

नोटः सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन समितिको अध्यक्ष वा अधिकार दिएको व्यवस्थापन समितिको सदस्यले निवेदन दिनु पर्ने छ ।

निवेदको,
नाम थरः
ठेगानाः
मिति :

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
तुलसीपुर, दाङ
५ नं.प्रदेश, नेपाल

## अनुसूची ३ (दफा ६(३) संग सम्बन्धित)

## तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय
## तुलसीपुर, दाङ

मिति :

प्रमाणपत्र संख्या:

दाङ जिल्ला तुलसीपुर उपमहानगरपालिका वडा नं वस्ने............ लाई होम स्टे व्यवस्थापन तथा संचालन कार्यविधि, २०७६ मा व्यवस्था भए अनुसार सामुदायिक/निजि होमस्टेका रुपमा दर्ता/नवीकरण गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

१) सदस्यको नाम:
२) ठेगाना:
३) मान्य अवधि:

शर्तहरु

(क) व्यवस्थापन समितिसंग समन्वय गरी पर्यटकहरुलाई बसोबासको व्यवस्था गर्नुपर्ने छ ।
(ख) चलन चल्तीको वा निर्धारित मूल्यभन्दा बढी मूल्य लिनु हुदैन ।
(ग) स्थानीय समाजिक सांस्कृतिक वातावरणलाई असर पर्ने खालका क्रियाकलापहरु गर्नु गराउनु हुदैन । यो प्रमाणपत्र तथा अनुसूची ४ बमोजिमको आचारसंहिता सबैले देख्ने स्थानमा राख्नु पर्नेछ ।
(घ) व्यवस्थापन समितिसंग समन्वय गरी प्रत्येक वर्ष प्रतिवेदन बुझाउनु पर्नेछ ।
(च) यो प्रमाणपत्र प्रत्येक ५।५ वर्षमा नवीकरण गराउनु पर्नेछ ।

घनश्याम पाण्डे
प्रमुख